उपराष्ट्रपति

काठमाडौं, नेपाल

# अन्तर्राष्ट्रिय मानव अधिकार दिवस,२०२५ को शुभकामना सन्देश

अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा शान्ति, समृद्धि र प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सन् १९४८ मा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको मानव अधिकारको विश्वव्यापी घोषणापत्र (यूडीएचआर) को स्मरणमा हरेक वर्ष यो दिवस मनाइन्छ । उक्त घोषणापत्रले जाति, धर्म, लिङ्ग, भाषा, विचार, सामाजिक मूल वा जन्मका आधारमा कुनै भेदभाव नगरी सबैलाई समान अधिकार सुनिश्चित गरेको छ । नेपालमा यस दिवसले जनचेतना विस्तार, अधिकारको संरक्षण र न्यायपूर्ण समाज निर्माणमा थप ऊर्जा प्रदान गर्दछ ।

शिक्षा, रोजगारी, स्वास्थ्य सेवा जस्ता आधारभूत अधिकारमा सबै वर्ग, समुदाय र भूगोलको समान पहुँच सुनिश्चित गर्नु अपरिहार्य छ । **साथै,** अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मधेशी, शिल्पी समुदाय तथा अल्पसंख्यक समूहका अधिकारलाई ठोस कदममार्फत् सुदृढ बनाउनु आजको आवश्यकता हो । अन्तर्राष्ट्रिय मानव अधिकार दिवसले संविधान प्रदत्त अधिकारहरूको प्रभावकारी कार्यान्वयनतर्फ नेपाललाई निरन्तर प्रेरित गरिरहेको छ ।

मानव अधिकार प्रत्येक व्यक्तिको सम्मान, गरिमा र स्वतन्त्रताको मूल आधार हो । यस दिवसले समानता, न्याय र मानव गरिमाको आदर्शलाई पुनः स्मरण गराउँदै अधिकारको प्रवर्द्धनमा दृढ प्रतिबद्ध रहन उत्प्रेरित गर्दछ । विभेद, अन्याय र अत्याचारको अन्त्यका लागि सामूहिक प्रयास अपरिहार्य छ, किनकि मानव अधिकारको उल्लङ्घन कुनै पनि रूपले स्वीकार्य हुन सक्दैन ।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासहित सामाजिक न्याय र मानव अधिकारको पक्षमा निरन्तर अग्रसर छ । राजनीतिक, आर्थिक र सामाजिक विकासको यात्रामा अझै केही वर्ग वा समुदायले अधिकार संरक्षणमा अपूर्णता महसुस गरिरहेका छन् । त्यसको पहिचान र सम्बोधन गर्नु हाम्रो साझा जिम्मेवारी हो । अधिकार सम्पन्न नागरिक नै राष्ट्रको समृद्धि र विकासका आधारस्तम्भ हुन् ।

अघिल्लो भदौमा 'जेनजी' पुस्ताले गरेको आन्दोलनले देखाएको असन्तोषले पनि मानव अधिकारको सुनिश्चितता अझै अपूर्ण रहेको तथ्यलाई उजागर गरेको छ । युवापुस्ताको असन्तोष नातावाद र भ्रष्टाचारविरुद्धको विद्रोहको सन्दर्भमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवसले नेपाललाई समानता, न्याय, वाक् स्वतन्त्रता र गरिमामय जीवन सुनिश्चित गर्न थप जिम्मेवार र संवेदनशील बन्न प्रेरित गरेको छ । नयाँ पुस्ताको सक्रिय सहभागिताले मुलुकमा समान अवसर,पारदर्शिता र सुशासनको अपरिहार्यता स्पष्ट पारेको छ । अतः सामाजिक न्यायप्रतिको आकांक्षा र नेपाली जनचाहनालाई सम्बोधन गर्न आवश्यक छ ।

**अन्त्यमा,** यो दिवसले नेपालको जनआवाजलाई विश्वव्यापी मूल्य र सिद्धान्तसँग जोड्ने अवसर प्रदान गर्दछ । साथै, नेपाललाई मानव अधिकारको संरक्षण, सामाजिक न्यायको प्रवर्धन र संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै उन्नत लोकतान्त्रिक समाज निर्माणतर्फ अग्रसर हुन मार्गदर्शन गर्ने विश्वास व्यक्त गर्दछु । अन्तर्राष्ट्रिय मानव अधिकार दिवसले समानता, न्याय र गरिमामय जीवनको मार्गमा हामीलाई अझ दृढतापूर्वक अघि बढ्न उत्प्रेरित गरोस् । पुनः सम्पूर्ण नेपालीमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८२ मंसिर २४ गते बुधबार ।
नेपाल संवत् ११४६ थिंल्लागा, षष्ठी ।

**रामसहाय प्रसाद यादव**
उपराष्ट्रपति